का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ माघ २०८०,
शुक्रबार
9 February 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक ३६६ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

### टीकापुरको सार्वजनिक जग्गा हिनामिनामा अख्तियारको एक्सन

# २४९ जनाविरूद्ध मुद्दा जग्गा जफतको माग

नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्रप्रसाद जोशीसहित पदाधिकारीले मिलेमतोमा नक्कली रसिद बनाएर सार्वजनिक जग्गा घडेरीका रूपमा व्यक्तिका नाममा गरेको अनुसन्धानबाट खुलेको छ ।



टीकापुर विकास समितिको कार्यालय रहेको स्थान ।



"टीकापुर विकास समितिको नामका नक्कली कागजातहरु खडा गरी समितिको जग्गा व्यक्तिको नाममा हक हस्तान्तरण गरेको देखिएकाले जग्गा आफ्नो नाममा कायम गर्ने गराउने जग्गाधनी तथा सुक्रिबिक्री हुँदै हाल कायम जग्गाधनीहरुको हकमा बिगोसहितको सजायको मागदाबी लिइ आरोपपत्र दायर गरिएको छ ।

**नरहरि घिमिरे**, प्रवक्ता, अख्तियार

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ माघ ।

कैलालीको टीकापुरको सार्वजनिक जग्गा हिनामिनाका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा अघि बढाएको छ । बिहीबार आयोगले टीकापुरस्थित सार्वजनिक जग्गा व्यक्तिका नाम दर्ता गरेको आरोपमा नगर विकास समितिका तत्कालीन अध्यक्षसहित २४९ जनाविरूद्ध विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्रप्रसाद जोशीसहित पदाधिकारीले मिलेमतोमा नक्कली रसिद बनाएर सार्वजनिक जग्गा घडेरीका रूपमा व्यक्तिका नाममा गरेको अनुसन्धानबाट खुलेको छ ।

तत्कालीन कर्मचारीहरू समेतको मिलेमतोमा समितिमा कम रकम बुझाएर हक हस्तान्तरण गरेको अख्तियारको अनुसन्धानबाट खुलेको बताइन्छ। टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको सार्वजनिक प्रकृतिको जग्गा व्यक्ति विशेष तथा संघ संस्थाहरूलाई वितरण गरी हक हस्तान्तरण गर्दा नगर विकास ऐन, २०४५ तथा नगर विकास निर्देशिका, २०६१ मा भएको व्यवस्था बमोजिम उपलब्ध गराउनुपर्ने हुन्छ ।

तर त्यसो नगरी पदाधिकारीले व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा समितिको नाममा नक्कली कागजात खडा गरी जग्गा व्यक्तिको नाममा पुऱ्याएको अख्तियारको निष्कर्ष छ ।

यही निष्कर्षका आधारमा अख्तियारले तत्कालीन अध्यक्षहरू नेत्रप्रसाद जोशी, ललित ताम्राकार, धीजराज रेग्मीसहित २४९ जनाविरूद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको हो । अख्तियारले मुद्दामा व्यक्तिको नाममा गएको सार्वजनिक जग्गा जफत गर्न माग गरेको छ। जग्गा खरिदकर्तासहित मुद्दा दायर गरेको अख्तियारले अहिले भोगचलन गरिरहेका जग्गाधनीहरूको नाम समेत सार्वजनिक गरेको छ ।

जग्गा लिएका मध्ये ७ जनाको मृत्यु भएकाले उनीहरुको हकदारबाट विगो भराउनुपर्ने अख्तियारको माग दावी छ। ४ जनाले पाएको जग्गा आफ्नो नाममा नआउदै प्लटिङ गरेर बेचेको खुलेको छ । त्यो जग्गा उपभोग गरिरहेका थप १०७ जनामाथि पनि अख्तियारले भ्रष्टाचार मुद्दा चलाएको छ ।

'टीकापुर विकास समितिको नामका नक्कली कागजातहरु खडा गरी समितिको जग्गा व्यक्तिको नाममा हक हस्तान्तरण गरेको देखिएकोले जग्गा आफ्नो नाममा कायम गर्ने गराउने जग्गाधनी तथा सुक्रिबिक्री हुँदै हाल कायम जग्गाधनीहरुको हकमा बिगोसहित सजायको मागदाबी लिई आरोपपत्र दायर गरिएको छ' अख्तियारका प्रवक्ता नरहरि रेग्मीले भनेका छन् ।

अख्तियारले नगर विकास समितिका तत्कालीन अध्यक्ष नेत्रप्रसाद जोशीसँग दुई करोड, १२ लाख ४० हजार ९४४ रुपैयाँ बिगो माग गरेको छ। अर्का, अर्का तत्कालीन अध्यक्ष ललित ताम्राकारसँग ५९ लाख ३८० र धिजराज रेग्मीसँग ६६ लाख ९८ हजवार ८९२ रुपैयाँ बिगो मागदाबी गरेको छ। अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार आरोपितहरु हरेकले >>> पृष्ठ २ मा

## मधेश सरकारको नेतृत्वमा माओवादीको दाबी

मधेश सरकारको नेतृत्वमा जसपा र जनमतको दाबी थियो । कांग्रेसले चुनावी सरकारको नेतृत्व पाउनुपर्ने अडान लिइरहेको छ । तीन दलले दाबी प्रस्तुत गरिरहेका बेला माओवादी केन्द्रले पनि आफ्नो दाबी प्रस्तुत गरेको छ ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २५ माघ ।



नेकपा माओवादी केन्द्रले मधेश सरकारको नेतृत्वमा दाबी गरेको छ । संघमा सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र मधेश प्रदेशमा चौथो दलमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग बराबरीमा छ ।

मधेशमा नेकपा एमालेका २३, कांग्रेसका २२, जसपाका १८, जनमतका १३, लोसपाका ९, माओवादीका ९, एकीकृत समाजवादी ७, नेपाल समाजवादी, नागरिक उन्मुक्ति र राप्रपाका एक/एक जना सांसद छन्। ३ जना स्वतन्त्र सांसद छन् ।

यही अंकगणितका आधारमा सत्ता गवठबन्धनमा जसपा र जनमत पार्टीले आलोपालो मुख्यमन्त्री लिने र चुनावी सरकार कांग्रेसलाई छोड्ने अनौपचारिक समति रहेको नेताहरु बताउँछन् । तर, बुधबार प्रधानमन्त्री निवास वालुवाटारमा बसेको सत्ता गठबन्धनका रहेका दलहरुको बैठकमा माओवादी केन्द्रले मधेश सरकारको नेतृत्वमा दाबी प्रस्तुत गरेको हो । नेताहरुका अनुसार तीन दलले तीन कोणबाट दाबी प्रस्तुत गरिरहेका बेला माओवादी केन्द्रले आफ्नो दाबी मात्रै राखेको छैन, गठबन्धनमा दह्रिलो गरी प्रस्तुत भएको छ ।

मधेश प्रदेशमा जसपाका मधेश प्रदेश संसदीय दलका नेता सरोजकुमार यादव गठबन्धन दलहरूको सहयोगमा १३ महिनादेखि मुख्यमन्त्री >>> पृष्ठ २ मा

## बिहेको नक्कली कार्ड बनाएर आर्थिक सहायता माग !

आर्थिक सहायताका लागि दाबी गरेको बिहेको कार्ड नक्कली रहेको त्यतिबेला थाहा लाग्यो जति बेला नगरप्रमुख नै आर्थिक सहायता दिनका लागि विवाह हुँदै गरेको भनिएको घर पुगे ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ माघ ।

रौतहटको मौलापुर नगरपालिमा विवाहको नक्कली कागजात बनाएर नगरपालिकाबाट आर्थिक सहयोग लिने प्रयास भएको पाइएको छ । मौलापुर नगरपालिकाले छोरीको बिवाहमा 'असहायके साथ मेयर' भन्ने कार्यक्रम अन्तरगत ३० हजार आर्थिक सहयोग गर्दै आएको छ। मौलापुरकी मेयर रिनाकुमारी साहको पहलमा सो योजना विगत लामो समयदेखी कार्यान्वयन हुदै आएको छ ।








यस योजनाबाट सयौं परिवारले लाभ लिईसकेको छ ।

वडाको सिफारिसमा पालिकाले निर्णय गरेर सो आर्थिक सहयोग गर्दै आएको छ । सोही क्रममा मौलापुर नगरपालिका-९ का वडा अध्यक्ष श्यामकिशोर साहले स्थानीय महिन्द्रराय यादवको छोरी सन्जु कुमारीको विवाह हुदै गरेकाले पालिकाको निर्णय अनुसार सो अनुदान सहयोग उपलब्ध गराई दिन सिफारिस गरेका थिए । >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# ६ महिनामा कामदारको करिब १४ करोड असुली ३ लाख ४३ हजार ४ सय ११ जनाको श्रम स्वीकृति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ माघ

वैदेशिक रोजगार विभागले चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा करिब साढे ३ लाख युवायुवतीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएको बताएको छ । चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा भएका कामहरुको अर्धवार्षिक समीक्षा सार्वजनिक गर्दै विभागले विगत ६ महिनाको अवधिमा ३ लाख ४३ हजार ४ सय ११ जनाको श्रम स्वीकृति भएको जनाएको छ ।

यस अवधिमा म्यानपावर कम्पनीमार्फत १ लाख ५८ हजार ९ सय ८५ जना, व्यक्तिगत नयाँ ४२ हजार १ सय ९० जना, पुनः श्रम स्वीकृतिमार्फत १ लाख ३५ हजार ४ सय ३५ जना र ईपीएसमार्फत ६ हजार ८ सय जनाको श्रम स्वीकृति भएको छ । ६ महिनाको अवधिमा लाख ४३ हजार ४ सय ११ जनाको श्रम स्वीकृति भएकोमा त्यसमा महिलाको संख्या ३९ हजार ५ सय ७२ जना रहेको विभागले जनाएको छ ।

विभागले राहत उद्धार तथा समन्वय शाखाबाट पुस मसान्तसम्ममा ६ सय ९० जनाको उजुरी परेकोमा ३ सय ६२ वटा फछ्र्यौट गरिएको, ४५ जनाको उद्धार गरिएको, १ सय ७२ जनालाई १ करोड ३९ लाख ४६ हजार क्षतिपूर्ति उपलब्ध गराएको र ६५ जनालाई स्वदेश फर्काएको बताएको छ । त्यस्तै मुद्दा तथा अनुसन्धान शाखामा १ हजार १ सय ३० वटा उजुरी परेकोमा १ सय ९१ वटामा मिलापत्र गराइ ११ करोड २८ लाख ९६ हजार क्षतिपूर्ति भराइ मिलापत्र हुन नसकेका ८४ वटा उजुरीमा छानबिन गरी वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दर्ता गरिएको जनाएको छ ।

त्यसैगरी प्रहरी शाखाले १ हजार ६ सय ७५ वटा उजुरी दर्ता गरेकोमा ६५ वटामा मिलापत्र र अन्य ८ सय ५८ वटा प्रतिवादीले रकम तिरेका कारणले ९ सय २३ वटा उजुरी फछ्र्यौट भइ १ करोड ४२ लाख ९ हजार ४ सय रूपैयाँ असुली भएको जनाएको छ । समग्रमा विभागले ६ महिनाको अवधिमा ४ हजार ४ सय ९५ वटा उजुरी दर्ता गरी त्यसमध्ये १ हजार ५ सय ६० वटा फछ्र्यौट गरी १३ करोड ८४ लाख ४५ हजार क्षतिपूर्तिको रकम असुल उपर गराइदिएको बताएको छ।

विभागमा संस्थागत अर्थात म्यानपावर कम्पनीको तुलनामा शैक्षिक कन्सल्ट्यान्सी वा व्यक्तिगत रूपमा वैदेशिक रोजगारमा पठाइदिने भन्दै ठगी भएका उजुरी ठूलो संख्यामा दर्ता हुने गरेका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संघका सचिव कर्णराज कटुवालको संयोजकत्वमा वैदेशिक रोजगार >>> पृष्ठ २ मा

### बागमती प्रदेशमा चितवन पहिलो

**भरतपुर/रासस–** श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने जिल्लाहरुमध्ये चितवन पहिलो रहेको छ । बागमती प्रदेशका १३ जिल्लामध्ये चितवनमा यस वर्षमा १५ हजार आठ सय २३ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् ।

श्रम स्वीकृति नलिइ विदेश जानेको संख्या पनि उच्च रहेको वैदेशिक रोजगार एवम् आप्रवासन र सामी कार्यक्रमका संयोजक सूर्यप्रसाद पौडेले बताए । 'चितवनबाट उच्च शिक्षाका लागि अष्ट्रेलिया, अमेरिया, बेलायतलगायतका युरोपका देशमा जानेको संख्या बढी छ,' उनले भने, 'विदेश नजाने घर भेट्नै मुस्किल हुन लागिसक्यो ।' उनका अनुसार भरतपुर महानगरपालिकामा >>> पृष्ठ २ मा

CITY GROUP COMPANY IN KUWAIT IS HIRING
Nurses For Ministry of Health (MOH) Project
कुवेतमा रोजगार

कम्पनी: CITY GROUP GENERAL TRADING COMPANY शहर : SAFAT
पूर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४५०६ LT. No.: 299537

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse (Diploma Holder) | 20 | 130 | सम्बन्धित काममा दक्ष | 280 | १,२०,४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Nurse (Bsc Holder) | 20 | 130 | | 350 | १,५०,५८० | | | | | | | |

प्रि-अन्तर्वार्ता भइरहेको छ ।

फाइनल अन्तर्वाता मिति २०८० फागुन १३, १४, १५, १६ र १७ गते (25, 26, 27, 28 &29 February 2024) द रिभर ओभरसिज प्रधान कार्यालयमा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

Information Provided by Department of Foreign Employment (DOFE):
(वैदेशिक रोजगार विभागद्वारा प्रदान गरिएको जानकारी):
Information provided by the Department of Foreign Employment (DOFE) : बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी: 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला । .

Gov. Lic. No 406/060/061
ISO 9001 : 2015 Certified
THE RIVER OVERSEAS PVT. LTD.
Battisputali, Gaushala, Kahtmandu, Nepal | Tel: 01-4562431, 01-4562432
Mobile: 9801247247, 9801247223, 9801247214
Email: admin@theriveroverseas.com | Website:www.theriveroverseas.com

# मुख्यमन्त्रीहरूको चासोलाई सम्बोधन गर्न प्रधानमन्त्रीको निर्देशन



**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संघीयता कार्यान्वयनको सवालमा प्रदेश सरकारका मुख्यमन्त्रीहरूले व्यक्त गरेको भावना यथाशीघ्र सम्बोधन गर्न संघीय सरकारका मन्त्रीहरूलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री दाहालको अध्यक्षतामा सिंहदरबारमा बिहीबार उनीसहित मन्त्रिपरिषद्का सदस्यहरुसँग सातै प्रदेशका मुख्यमन्त्रीको बैठक बसेको थियो। सो अवसरमा प्रधानमन्त्री दाहालले भने, 'संघीयताको सुदृढ कार्यान्वयन हामी सबैको साझा जिम्मेवारी हो । यहाँहरूले मुख्यमन्त्रीको चिन्ता र चासो बुझ्नु नै भयो । त्यसलाई गम्भीरतापूर्वक लिनुस् ।' मुख्यमन्त्रीहरूको सक्रियताबाट संघीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दै प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वको सरकारले संघीयता कार्यान्वयनलाई विशेष प्राथमिकता दिएको स्पष्ट पारे ।

छलफलमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघीयता कार्यान्वयनका सन्दर्भमा प्रधानमन्त्री दाहालको अग्रसरतालाई गम्भीररूपमा लिँदै संघीय मन्त्री र सांसद पनि उत्तिकै जिम्मेवार हुनुपर्ने बताए । कोरला नाका सञ्चालनमा प्रधानमन्त्री दाहालले लिएको पहलका लागि धन्यवाद दिँदै उनले मुग्लिन-पोखरा र नारायणगढ-बुटवल सडक समयमै निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको ध्यानाकर्षण गराए ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले छिमेकी मुलुक भारतसँग जोडिएका छोटी भन्सार कार्यालय सञ्चालनका लागि अर्थ मन्त्रालयसँग आग्रह गरे । मधेश प्रदेशमा सिँचाइ र खानेपानीको चर्को समस्या रहेको उल्लेख गर्दै उनले ती समस्या समाधान गर्न संघीय सरकारले पहल लिनुपर्नेमा जोड दिए । मुख्यमन्त्री यादवले भने, 'संघ र प्रदेशको संयुक्त लगानीमा सिँचाइ आयोजना सञ्चालन गरौं, तराई-मधेसमा उत्पादकत्व बढाऔं ।'

कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले संघीयता कार्यान्वयनमा देखिएका ढिलासुस्तीका सम्बन्धमा समीक्षा गर्नुपर्ने आवश्यकता औंल्याए । कर्णाली प्रदेशमा अझै विद्युतीकरणको समस्या रहेको, सिँचाइको भरपर्दो व्यवस्था हुन नसकेको र दूरसञ्चार सेवा कमजोर रहेको उल्लेख गर्दै उनले यी समस्या समाधानमा सम्बन्धित संघीय मन्त्रालयले ध्यान दिनुपर्ने बताए ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले संघीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालले लिएको पहलको सरहाना गर्दै सोहीस्तरमा संघीय सरकारका मन्त्रीहरूले पनि अग्रसरता दिनुपर्ने बताए । उनले संघीयता लागू गर्न ढिलो हुनुमा केन्द्रिकृत मानसिकता मूलरूपमा जिम्मेवार रहेके उल्लेख गरे । मुख्यमन्त्री शाहले भने, 'प्रधानमन्त्रीज्यूको भारत भ्रमणका क्रममा सुदूरपश्चिमको विकासमा महत्वपूर्ण सम्झौता भएका छन् । यो सरकारको पालामा नै सुदूरपश्चिमको विकास प्राथमिकतामा परेको छ । म प्रधानमन्त्रीलाई धन्यवाद दिन्छु ।'

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले संघीय मन्त्रालयले अधिकार छिटो हस्तान्तरण गर्नुपर्नेमा जोड दिँदै भने, 'कानून बनाएर दिनुपर्ने अधिकारका लागि समय लाग्ला । तर निर्णय गरेर दिनुपर्ने अधिकारमा ढिलाइ गर्नुभएन ।' उनले संघीयता कार्यान्वयनमा कर्मचारी प्रशासनले एकात्मक मानसिकता त्याग्नुपर्नेमा जोड दिए ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संघीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालले देखाउनुभएको सक्रियतालाई संघीय मन्त्रीहरूले पनि अनुशरण गर्नुपर्ने बताए । उनले भने, 'संघीयता हामीले नै ल्याएको हो, कार्यान्वयनमा पनि हामीले नै अपनत्व लिनुपर्छ । संविधान निर्माण गर्ने शक्तिहरू नै संघीयता कार्यान्वयनमा लाग्नुपर्छ ।'

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले संघीयता कार्यान्वयनमा प्रधानमन्त्री दाहालको भावना मन्त्रीहरूले पनि बुझ्नुपर्ने बताए । उनले भने, 'संघीयता कार्यान्वयनमा संघीय मन्त्रीज्यूहरूको 'रिपोर्ट कार्ड' जान्न चाहेका छौं । संघीय मन्त्रीहरूले तल हस्तान्तरण गर्नुपर्ने अधिकारमा ढिलाइ नगर्नुस् ।'

# नक्कली नेपाली नोट कारोबार गर्ने गिरोहका नाइकेसहित पाँच जना पक्राउ

**बारा/मस–** नक्कली नेपाली नोट कारोबार गर्ने गिरोहका नाइकेसहित पक्राउ गरेका पाँचजनालाई बारा प्रहरीले सार्वजनिक गरेको छ। जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गरी ती व्यक्तिलाई बिहीबार प्रहरीले सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा जिल्ला सर्लाही चन्द्रनगर गाउँपालिका-३ बस्ने वर्ष ४४ का रामचन्द्र महतो कोइरी, जिल्ला बारा परवानीपुर गाउँपालिका-५ बस्ने सुमित साह, सोही ठाउँ बस्ने सन्तोष पटेल, जिल्ला पर्सा वीरगञ्ज महानगरपालिका-१० बस्ने विशालकुमार श्रीवास्तव र निजको सालो सोही ठाउँ बस्ने नीरज श्रीवास्तव रहेको प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए । जीतपुर सिमरा उपमहानगरपालिका-७ जीतपुर बजारमा नक्कली नोटको कारोबार भइरहेको सूचनाका आधारमा तत्कालै प्रहरीको टोली परिचालन गरी एकजनालाई नक्कली नोटसहित पक्राउ गरेपछि निजको वयानका आधारमा जिल्लाको विभिन्न ठाउँ र अन्य ठाउँबाट गरी चार जनालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिए । पक्राउ परेका व्यक्तिबाट ६१ हजार नक्कली नेपाली नोट, भारतीय सिमकार्डसहित सात थान मोबाइलसमेत बरामद गरिएको प्रहरी प्रवक्ता न्यौपानेले बताए ।

पाँच तहमा नक्कली नोटको कारोबार भइरहेको जानकारी भएपछि प्रथम, दोस्रो, तेस्रो र चौथो तहसम्मका व्यक्तिलाई यो नक्कली नोट प्रकरणमा पक्राउ गर्न सफल भएको र चाँडै नै पाँचौं तहका व्यक्तिलाई पक्राउ गर्ने प्रहरी उपरीक्षक काफ्लेले जानकारी दिए ।


**KUWAIT मा रोजगार** | कम्पनी: KAPICO GROUP HOLDING COMPANY KSCC
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/१०/२५ | चलानी नं.: ६०२१४५८२ | LT. No.:299705

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Call Center Agent/service Crew/customer Service/se | 5 | 5 | स. काममा दक्ष | 150 | ६४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Washer/labors | 10 | 0 | | 95 | ४०,८७२ | | | | | | | |
| 3. | Kitchen Equipment Technician / Asst Technician | 5 | 0 | | 150 | ६४,५३५ | | | | | | | |
| 4. | Light Vehicle Driver | 5 | 0 | | 150 | ६४,५३५ | | | | | | | |
| 5. | Restaurant Manager/supervisor/order Taker/team Lea | 5 | 5 | | 250 | १०७,५५८ | | | | | | | |
| 6. | Sales Man/sales Associate/auto Parts Sales Man | 10 | 0 | | 140 | ६०,२३२ | | | | | | | |
| 7. | Service Crew/cook/fast Food Maker/preparer/waiter/ | 10 | 10 | | 150 | ६४,५३५ | | | | | | | |
| 8. | Tire Fitter/labors-pcr | 5 | 0 | | 105 | ४५,१७४ | | | | | | | |
| 9. | Tire Fitter/labors-tbr | 5 | 0 | | 115 | ४९,४७६ | | | | | | | |
| 10. | Tire Helpers/labors | 5 | 0 | | 95 | ४०,८७२ | | | | | | | |
| 11. | Tire Oil Technician/assistant Technician | 5 | 0 | | 120 | ५१,६२८ | | | | | | | |
| 12. | Tire Service Technician/assistant Technician | 5 | 0 | | 115 | ४९,४७६ | | | | | | | |
| 13. | V-kool Film Istallers/asst Technician/labors | 10 | 0 | | 120 | ५१,६२८ | | | | | | | |

**अन्तर्वार्ता पोखरामा २०८० फागुन ४ गते (16 February 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता काठमाडौंमा २०८० फागुन ६ र ७ गते (18 & 19 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
श्रम इजाजत पत्र नं. १२२५/०७४/७५
एकताटोल, सिनामंगल, काठमाडौं
(Opposite Hyundai Service Center)
फोन: ०१-४५९२९०५, ०१-४५९२९०६
मो. ९८०२३२३१९५, ९८०२३२३१९६, ९८०२३२३१९७, ९८०२३२३१९८, ९८०२३२३१९९
Email: hiringagr@gmail.com, mail@aaravrecruitment.com
f Aaravglobal.recruitment


## टीकापुरको...

छुट्टाछुट्टै रुपमा जग्गा बाँडेर भ्रष्टाचार गरेको देखिएकाले छुट्टाछुट्टै मागदाबी लिइएको हो ।

टीकापुर विकास समितिका तत्कालिन योजना प्रमुख बलबहादुर कडायतमाथि समितिको अभिलेखमा रहेको सक्कली कागजात झैं हुने गरी नक्कली कागजात खडा गरेको, रकम बुझाएको रसिद खडा गरेको भन्दै २ करोड ११ लाख बिगो मागदावी गरिएको छ ।

अर्का योजना प्रमुख झप्पर सिंह विश्वकर्मामाथि नगर विकास समितिको स्वामित्वमा रहेका जग्गा व्यक्तिको नाममा सार्न भूमिका खेलेको आरोप छ । उनीमाथि १४ लाख १९ हजार विगो मागदाबी गरिएको छ ।

टीकापुर नगर विकास समितिका सदस्य सचिव अम्बादत्त जोशीमाथि उपसमितिका पदाधिकारी र जग्गाधनीसँग मिलेमतो गरी नक्कली कागजातहरुलाई वैधानिकता दिएको आरोप छ । उनीमाथि दुई करोड ३० लाख रुपैयाँ बिगो मागदाबी गरेको छ ।

## मधेस...

छन् । उनको कार्यकाल कहिलेसम्म रहने भन्ने विषयले सत्ता गठबन्धनको बैठकमा प्रवेश पाएको छ । बिहीबारको बैठकमा जसपाका अध्यक्ष उपेन्द्र यादव अनुपस्थित थिए । त्यसकारण छदलफल भएता पनि ठोस् आकार वा निष्कर्षमा नपुगिएको नेताहरु बताउँछन् ।

मधेश प्रदेशमा सत्ता साझेदारमध्ये जनमत पार्टीले गत माघ ९ गते मधेस सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । एक महिनाभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था अनुसार आगामी फागुन ९ गतेसम्म मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपर्ने हुन्छ ।

विश्वासको मत नलिएर मुख्यमन्त्री यादवले राजीनामा दिनुपर्ने विषय सत्ता गठबन्धनमा रहेका दलहरुकै बीचमा उठेको छ । मुख्यमन्त्री यादवलाई फेरि विश्वास मत दिएर निरन्तरता दिन नहुने पक्षमा माओवादी केन्द्र नै उभिएको छ ।

संघीय सरकारमा पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री छन् । यसपछि नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने समझदारी गठबन्धनभित्र बनेको बताइन्छ ।

यसरी नै मधेश प्रदेशसहित अन्य प्रदेशमा समेत कुन पार्टीले कति समय मुख्यमन्त्री लिने निश्चित गरेर जानुपर्ने भनी गठबन्धनभित्र विषय उठेको छ ।

जसपाका केन्द्रीय कार्यकारिणी समिति सदस्य मनिष सुमनका अनुसार फागुन ९ भित्रै मुख्यमन्त्री यादवले विश्वासको मतको प्रस्ताव प्रदेश सभामा राख्नेछन् । त्यस अगाडि सत्ता गठबन्धन दलभित्र छलफल हुनु स्वभाविक रहेको उनी बताँछन् । उनी भन्छन्, 'मुख्यमन्त्रीलाई लिएर गठबन्धनभित्र विवाद छैन ।' गठबन्धनमा रहेका सबै दललाई समेटेर मुख्यमन्त्री अघि बढ्ने र विश्वासको मत पाउने उनको भनाइ रहेको छ ।

## बिहेको...

वडा अध्यक्ष साहले गत पुस १८ गतेको मितिमा उक्त सिफारिस पालिकामा गरेका थिए । माघ २५ गते यादवको छोरी सन्जुको विवाह रौतहट जिल्लाको बृन्दावन नगरपालिका बौहरी निवासी ब्रह्मदेव राय यादवको छोरासंग विवाह भईरहेकाले पालिकाबाट दिइदै आएको ३० हजार आर्थिक सहयोग उपलब्ध गराई दिनका लागि वडा अध्यक्ष साहले सिफारिस गरेका थिए ।

वडा अध्यक्ष साहको सिफारिसका आधारमा पालिकाको निर्णयबाट सो रकम दिने भनेर निर्णय गरेको थियो । लेखापालले ३० हजार बराबरको चेक पनि सन्जुका वुवा महिन्द्रको नाममा काटियो । तर जब सो चेक लिएर मेयर रिना साह महिन्द्रको घरमा पुग्दा नक्कली विवाह गरेर ६० हजार सहयोग लिन खोजेको खुलेको हो । महिन्द्रको घरमा कुनै विवाह नै थिएन । वडा अध्यक्षले फर्जी सिफारिस गरी सो रकम आफै लिएर खान खोजेको आरोप लागेको छ । त्यसपछि मेयर साह उक्त चेक लिएर पालिका फर्किइन् ।

## ६ महिनामा...

विभाग बुद्धनगर समन्वय समिति गठन गरी १८ जना व्यवसायीको टिम परिचालन गरेको छ । संघको समन्वय समितिले म्यानपावर कम्पनीविरूद्ध उजुरी आएपछि तत्कालै सम्बन्धित म्यानपावर कम्पनी सञ्चालकलाई बोलाएर छलफल चलाइ सहमतिको प्रयास गर्ने गरेको छ । उक्त प्रयासले म्यानपावर कम्पनीविरूद्धका उजुरी कमै मात्रामा दर्ता हुने गरेको संयोजक कटुवाल बताउँछन् । कामदार झिकाउने, राहदानी फिर्ता, तलब तथा ओभरटाइमको रकम नपाएको जस्ता उजुरी म्यानपावर कम्पनीविरूद्ध आउने गरेका छन् ।

## बागमती...

मात्रै ३४ हजार पाँच सय घरधुरीका कुनै न कुनै व्यक्ति वैदेशिक रोजगारीमा गएका छन् । आर्थिक वर्ष २०७९-८० मा नेपालबाट सात लाख ७१ हजार तीन सय २७ जनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्यांकमा रहेको छ । यसमध्ये बागमती प्रदेशबाट मात्रै एक लाख १६ हजार नौ सय ३२ जनाले श्रम स्वीकृति लिएका छन् । श्रम स्वीकृति लिनेमा चितवन जिल्लाबाट सबैभन्दा धेरै १५ हजार आठ सय २३ जना छन् ।

चितवनबाट अघिल्लो आवमा एक हजार एक सय ६१ जनाले राहदानी बनाएका थिए । त्यस्तै माडी नगरपालिकाबाट दुई हजार एक सय २७, इच्छाकामना गाउँपालिकाबाट एक हजार आठ, रत्ननगर नगरपालिकाबाट एक हजार चार सय ७१, कालिका नगरपालिकाबाट एक हजार छ सय ७९, खैरहनी नगरपालिकाबाट एक हजार छ सय आठ र राप्ती नगरपालिकाबाट एक हजार दुई सय ९१ जनाले श्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगारीका क्रममा चितवनमा ठगिने समस्या पनि रहेको छ । जिल्ला प्रशासन कार्यालय चितवनमा चालु आवमा एक सय ३६ निवेदन परेका थिए । त्यसमध्ये ६० प्रतिशत मानिसको विचौलियाले पैसा उठाएर भागेको निवेदन परेको थियो । स्वदेशमै रोजगारी सिर्जना गर्न भरतपुर महानगरपालिका लागिपरेको उपप्रमुख चित्रसेन अधिकारीले बताए । 'अवैधरुपमा विदेश जानेको संख्या पनि कमी छैन । भारतमा जानेको संख्या उत्तिकै छ,' उनले भने, 'हामी जनप्रतिनिधि यहाँ भएको साधन स्रोत, जल, जमिन, जंगललाई उपयोग गर्दै यहाँ भएको सीपलाई उत्पादनसँग जोड्नुपर्छ । यसका लागि हामी प्रयासरत छौं ।' वैदेशिक रोजगार देशव्यापी समस्या रहेको उनले बताए ।


**धनगढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धनगढी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**औषधी खरिद सम्बन्धी शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

**(दोस्रो पटक सूचना प्रकाशन मिति २०८०/१०/२६ गते)**

धनगढीमाई नगरपालिकाको चालू आर्थिक वर्ष २०८०/०८१ को लागि अत्यावश्यक औषधी खरिद गर्नु पर्ने भएकोले प्रचलित कानून बमोजिम योग्य आपूर्तिकर्ताबाट दोस्रो पटक सूचना प्रकाशन भएको मितिले १७ दिन भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मार्फत विद्युतिय (E–bidding) वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।
१.शिलबन्दी दरभाउपत्रहरु सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा शिलबन्दी दरभाउपत्र सम्बन्धी हेर्नु परेमा यस धनगढीमाई नगर कार्यपालिकाको कार्यालय सिरहाको वेभ साइट www.dhangadhimaimun.gov.np मा हेर्न सकिन्छ वा यस कार्यालयको सम्पर्क नं. ९८६१५७६१४९, ०३३-५४५२७१ मा सम्पर्क राख्न सकिनेछ ।

**दरभाउपत्रहरु सम्बन्धी विवरणः**

| सि.नं. | बोल पत्र नं. | कामको विवरण | लागत अनुमान मु.अ.कर समेत | धरौटी रकम | दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | DH/Mun/Med./SQ/080/081 | औषधी खरिद | रु.४१६४६१०।०० | १०५०००।०० | रु.१०००।०० |

**Mai Municipality**
**Office of the Municipal Executive**
**Sitali, Ilam**
**Koshi Province, Nepal**

**Invitation of Bids for the Following Works**

**(Date of Publication: 2080/10/26)**

Mai Municipality invites Electronic Bids for the Procurement of Following Works under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) Procedures. Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of Mai Municipality, Office of Municipal Executive, Sitali, Ilam (maimun.gov.np), may email on the email address (mainagarpalika@gmail.com), or may call on (9849079791/ 9852639111/ 9852639110) at office time.

| S. N. | Contract ID | Description of Works | Estimated Amount (Including V.A.T and P.S.) | Bid Security Fee | Bid Document Fee | Last Date of Bid Submission | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MM/NCB/WORKS /04/080/81 | Upgrading Works of Culcattey Siran to Sanglu-Manglu Road in Mai Municipality-08. | 20,79,645.42 | 85,500.00 (120 Days) | 3000.00 | 2080/11/27 12:00 (Noon) | 2080/11/27 14:00 PM | 1st |
| 2 | MM/SQ/ WORKS /01/080/81 | Construction of Additional Storey in Ward Office of Mai Municipality-07. | 17,07,197.92 | 37,500.00 (75 Days) | 1000.00 | 2080/11/13 12:00 (Noon) | 2080/11/13 14:00 PM | 2nd |

**Chief Administrative Oficer**

# गठबन्धनले फालेपछि माधव नेपालको हैसियत रहँदैनः अध्यक्ष ओली

**सत्येन्द्र प्रताप सिंह, राकेश यादव/मध्यान्ह**
रौतहट, २५ माघ



नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले २०८४ मा नेकपा एमालेको बहुमतको सरकार बन्ने बताएका छन् । उनले मिसन ८४ अभियानले नै एमाले सरकारको नेतृत्व गर्ने दाबी समेत गरे ।

बिहीबार रौतहटको गरुडास्थित श्रीराम सुगर मिल्सको प्राङ्गणमा आयोजित नेकपा एमाले रौतहटको जिल्ला अधिवेशनको उद्घाटन गर्न आएका अध्यक्ष ओलीले सम्बोधन गर्दै एमालेको सरकार बने देशमा विकास, समृद्धि, सुशासन आउने बताए ।

गठबन्धनको सरकारमाथि कटाक्ष गर्दै ओलीले भने, 'नेकपा एमाले सरकारमा गए पछि पैसा छैन भन्दैन, तलब पनि बढाउँछ, जेष्ठ नागरिकको भत्ता बढाउँछ र नयाँ-नयाँ योजना कार्यान्वयन गर्नेछ ।'

गठबन्धन सरकारका कारण मुलुकमा अराजकता, बेरोजगारी र भ्रष्टाचार बढेको ओलीले टिप्पणी गरे । सत्ता गठबन्धनको सरकार असफलतातर्फ बढेकाले वर्तमान सरकारबाट आर्थिक समृद्धि, सुशासन कायम हुन नसक्ने दावी गरे ।

एमाले सरकारमा भएको बेला सड़क विस्तार, वैदेशिक रोजगारमा जाने युवाको संख्यामा कमी, शिक्षामा महिलाहरुको सहभागिता, अपांग, दलित, मुस्लिम, वृद्ध महिला, पुरुष, एकल महिलाले पाउने सामाजिक भत्तामा वृद्धि गरेको जिकिर गरे ।

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालप्रति लक्षित गर्दै ओलीले १५ वर्ष पार्टीको प्रमुख, प्रधानमन्त्री बनाएर राखेकोमा धोका दिने अर्को पल्ट कुनै पनि हालतमा नजित्ने ठोकुवा गरे । उनले भने, 'दुई तिहाइको सरकारलाई धरासायी गर्ने नेपालको हैसियत अरुको खुट्टा कमाउनेमा पुगेको छ ।'

पार्टीले सञ्चालन गरेको मिसन ८४ अभियान पूरा गर्न जनताको माझमा गएर जनताको दुःख, पीड़ा सुनेर सभ्य, शालीन, विन्रमता अपनाएर समाधान गर्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन समेत दिएका ओलीले ८४ को निर्वाचनमा रौतहटको ४ संसदीय, ८ प्रादेशिक तथा १८ स्थानीय तह र प्रत्येक वड़ामा एमालेले जित्नुपर्ने बताए ।

गठबन्धनको भक्त भएका माधव कुमार नेपाललाई गठबन्धनले फालेपछि घरको न घाटको हुने भन्दै तीखो आलोचन गरे । पूर्व प्रधानमन्त्री ओलीले एमालेसँग गद्दारी गर्ने प्रभु साह पनि आफ्नै नगरपालिका मै सिमित भएर बस्ने बताए ।

कार्यक्रममा कोशी प्रदेश इंचार्ज रघुवीर महासेठ, मधेश प्रदेश इन्चार्ज योगेश भट्टराई, केन्द्रीय सदस्य अजय कुमार गुप्ता, लेखा समिति सदस्य राजकिशोर प्रसाद यादव, जिल्ला इन्चार्ज पुरुषोत्तम पौडेलले आ-आफ्नो मन्तव्य राखेका थिए ।

जिल्ला संयोजक सचितानन्द साहको अध्यक्षता भएको कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी सयौंको संख्यामा एमालेमा पार्टी प्रवेश गरेका थिए ।

### ओलीलाई १०१ किलोको मालाले स्वागत

एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई रौतहटमा १०१ किलोको मालाले स्वागत गरिएको छ। एमालेको रौतहट जिल्ला अधिवेशन उद्घाटन गर्न बिहीबार गरुडा आइपुगेका उनलाई स्वागतमा पार्टी कार्यकर्ताहरुले १०१ किलोको माला लगाइदिएका हुन् ।

गरुडा नगरपालिकाका मेयर कन्थमणि जयसवालसहित केन्द्रीय नेताहरुले अध्यक्ष ओलीलाई १०१ किलोको मालाले स्वागत गरे ।

नेकपा एमालेको १० औं जिल्ला अधिवेशन रौतहटको गरुडामा शुरु भएको छ । शुक्रबारसम्म चल्ने अधिवेशनको उद्घाटन एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरे । अधिवेशनले रौतहटमा नयाँ जिल्ला कार्यसमिति चयन गर्नेछ ।

# छोरी कुट्ने बुबा धरौटीमा रिहा

**हेटौँडा/मस-** आफ्नी छोरीलाई निर्घात कुटपिट गरको आरोपमा पक्राउ परेका बाबु धरौटी बुझाएर रिहा भएका छन् । जिल्ला अदालत मकवानपुरले महोत्तरी एकडाँडा गाउँपालिका-३ घर भई हाल हेटौँडा-५, सिँचाइटोल बस्ने २७ वर्षीय रामजी मण्डललाई ५० हजार धरौटीमा रिहा गर्ने आदेश दिएको हो ।

गत पुस २१ गते मण्डलले आफ्नी चार वर्षीया छोरीलाई पढाउने क्रममा कुटपिट गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिए । मण्डलले छोरीलाई पेन्सिलले मुख र शरीरका विभिन्न भागमा घोचेर घाइते बनाएका थिए । घाइते छोरीलाई हेटौँडा अस्पतालमा उपचार गरी घर लगिएको छ । बालिकालाई कुटपिट गर्ने मण्डललाई प्रहरीले नियन्त्रणमा लिइ अनुसन्धानका लागि हिरासतमा राखेको थियो । उनीमाथि बालबालिकाविरुद्ध कसुर मुद्दामा कारबाही शुरु भएको हो ।

*"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्वि"*

## हल्दीबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**जलथल**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति :- २०८०/१०/२६**

यस गाउँपालिका अन्तरगत तपसिल निर्माण कार्यका लागि मिति २०८०/०९/१२ मा प्रकाशित बोलपत्र/ ठेक्का आव्हानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| क्र स | ठेक्का नं | योजनाको नाम | स्वीकृतिको लागि छनौट भएको बोलपत्र दाताको विवरण | घटी कबोल गरेको रकम रु (मु अ कर समेत) |
|---|---|---|---|---|
| 1 | HRM/GOODS/ WS/ NCB/ 09-080/81 | Supply and Delivery of HDPE Pipes PE-100 NS40:2022(Revised) and Fittings at Haldibari Rural Municipality | Nepal Plastics (P). Ltd, Dharan, Sunsari | 85,92,691.76 |
| 2 | HRM/WORK/ ROAD/NCB/ 08-080/81 | Construction Of Drain and Interlocking Road at Sapdigri River To Goldhap Rajgadh Roadway (Ch 0+000 to 0+235m) in Goldhap Bazaar at Haldibari Rural Municipality | Sagar Nirman Sewa, Bhadrapur-12, Jhapa | 42,01,521.25 |

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/१०/२६**

**रुम्ज किङ्ग प्रा.लि.** को मिति २०७७/०७/१६ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **चारकिल्ला डिलर्स प्रा.लि. (प्रा.लि. नं.: २९१५४५)** कायम गर्ने गरी मिति २०८०/१०/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२६**

यस कम्पनीको मिति २०८०।१०।१७ मा मूल कम्पनीको निर्णयनुसार साविकको कम्पनी नाथन एसोसिएट्स लन्डन लिमिटेड/Nathan Associates London Limited -विदेशी कम्पनीको सम्पर्क कार्यालय) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको सम्पर्क कार्यालयले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०।१०।२३ को निर्णय अनुसार सम्पर्क कार्यालय नाम परिवर्तन गरी क्याडमस इन्टरनेशनल युके लिमिटेड/Cadmus International UK Limited कायम गरिएको जानकारी गराइन्छ ।

**Vacancy Annoucement**

One of the reputed recruitment agency is seeking for following applicants.

General Manager : 1 (Male)
Office Secretary : 1 (Female)
Public Relation Officer : 5 (Male/Female)

SALARY Negotiable

Requirements:
Minimum 3 Years experienced in the related fields.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at sunlight2007hrpltd@gmail.com*
Prority will be given for manpower Experienced.

**SUNLIGHT HUMAN RESOURCES PVT. LTD.**
Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३ । मोबाइल नं: ९८०२३४१५८१

## भोले गणेश सेक्युरिटिज लिमिटेड

शेयर खरिद बिक्रि
Bhole Ganesh Securities Limited

केन्द्रिय कार्यालयः अनामनगर-२९, काठमाडौं
फोन : ५९७०४९४/९५
Email:Info@bholeganesh.com

## प्रोमोटर सेयर बिक्री बारे ३५ दिने सूचना

**प्रकाशित मितिः २०८०/१०/२६**

उपरोक्त सम्बन्धमा यस भोले गणेश सेक्युरिटीज लिमिटेडको २८,३८० कित्ता प्रमोटर सेयर प्रति कित्ता रु. २०० मा बिक्री गर्ने निवेदन प्राप्त भएको हुँदा यस कम्पनीका बर्तमान प्रमोटर सेयर होल्डरहरुले उक्त सेयर खरिद गर्न चाहेमा रु. २०० प्रति कित्तामा न्यूनतम १०० कित्तादेखी १० ले गुणा हुनेगरी अधिकतम २८,३८० कित्तासम्म आफुले खरीद गर्न चाहेको कित्ता उल्लेखित गरि खरिद निवेदन हाम्रो अनाम नगरस्थित कार्यालयमा आजको मिति २०८०/१०/२६ ले ३५ दिनभित्र दर्ता गर्नुहुन हार्दिक अनुरोध गर्दछौं । एक भन्दा बढी खरिद निवेदनहरु आएमा पहिला दर्ता गर्ने निबेदकलाई पहिलो प्राथमिकता दिईनेछ । यदि ३५ दिनभित्र बर्तमान प्रमोटरहरुको कुनै निवेदन नआएको खण्डमा नियमानुसार कम्पनी रजिस्ट्रार कार्यालय, सेबोन, नेप्से लगाएत सबै नियामक निकाएहरुको ऐन, नियम र योग्यता पुगेको गैर प्रमोटर व्यक्तिलाई सो सेयर बिक्री गरिनेछ ।

**संचालक समिति**
**भोले गणेश सेक्युरिटीज लिमिटेड**

## Madhuwan Municipality
## Office of Municipal Executive

**Bardiya**
**Lumbini Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2080/10/26**

1. Madhuwan Municipality Bardiya invites Competitive Bidding from the eligible suppliers/contractors for the following works.
2. The Estimated amount for the works is as specified on the following Table.
3. Bidding documents may be purchased upon payment of a non-refundable fee as specified as each item in the following table.
4. Bidder must submit their bid electronically through ppmo's website www.bolpatra.gov.np/egp before or last day 12:00 Noon as mentioned in the table below. Bid Documents after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives chosen by Bidders on last day for bid submission at 12:05 pm in the office of Madhuwan Municipality, Bardiya.
6. Bids must be valid for a period as specified and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for 30 days beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security and bid document cost in the form of cash, the cash should be deposited in the following Account No.

   **Bank Name** : **Nepal Bank Limited Sanoshree Branch Bardiya**
   **Account Holders name** : **Madhuwan Municipality Bardiya**
   **Account No** : **15103000001001000001 (Rajaswa) for Bid document Cost**
   **Account No** : **15103000003000000001 (Dharauti) for Bid Security.**

8. The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**1. Table**

| S.N. | Contract no. | Contract name | Publication | Bid Document Cost (Nrs) | Bid Security Amount | Estimated Amount (with vat) | Bid Validity period | Last date for bid submission |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MG/G/SQ/MNPO-15/2080-81 | Supply of medicine and surgical items. | Second time | 1000.00 | 60,000.00 | 23,37,402.60 | 45 days after bid opening | 13th of Falgun 2080 12:00 Noon. |
| 2 | MG/W/SQ/MNPO-16/2080-81 | Ne Ra Ma Vi Purnapur Sabha Hall construction works. | First time | 1000.00 | 50,000.00 | 19,97,893.22 | 45 days after bid opening | |
| 3 | MG/W/SQ/MNPO-17/2080-81 | Eye Hospital Boundary wall and Earth filling works | First time | 1000.00 | 40,000.00 | 15,30,428.47 | 45 days after bid opening | |

**Chief Administrative Officer**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२६ माघ २०८०, शुक्रबार
9 February 2024, Friday

## सम्पादकीय

### तत्काल सच्याउनुपर्ने निर्णय

काठमाडौं महानगरपालिकाले शान्ति बाटिकामा हुने शान्तिपूर्ण प्रदर्शनमा समेत रोक लगाएको छ । बिहीबार शान्तिपूर्ण प्रदर्शनमा बसेकाहरूलाई शान्ति बाटिकाबाट महानगरको प्रहरीले हटायो । त्यहाँ प्रदर्शन गर्दा हुने फोहोर रानी पोखरीभित्र पुगेको तर्कसहित महानगरले उक्त क्षेत्रमा प्रदर्शनमा रोक लगाएको छ । जबकी विद्यमान राजनीतिक प्रणालीसँग शान्ति बाटिकाको सम्बन्ध अलग गर्न सकिदैन । तत्कालीन सत्तासँग विद्रोह हुने मध्ये एक महत्वपूर्ण स्थल शान्ति बाटिका थियो । लोकतन्त्रको मागसहित हुने प्रदर्शनका क्रममा तत्कालीन नेताहरू गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपालहरू समेत त्यही ठाउँ प्रदर्शनमा उत्रन्थे । शान्ति बाटिकामा प्रदर्शन हुनेको मुख्य कारण नजिकै राजदरबार रहनु थियो । दरबारलाई सुनाउनेगरी उक्त स्थलमा प्रदर्शन हुन्थ्यो । पछि गणतन्त्र स्थापना भएपछि त्यो ठाउँमा शान्ति बाटिका स्थापना गरिएको थियो ।

तर अहिले शान्तिपूर्ण प्रदर्शन गर्न यो ठाउँ निषेधित गरिदैछ । बारम्बार यो ठाउँमा महानगरको नजर पर्ने गरेको छ । यसअघिका मेयर विद्यासुन्दर शाक्यले पनि यो ठाउँबाट पटकपटक मानिस उठाउने गरेका थिए । अहिले गैरदलीय उम्मेद्वारी दिएर पनि मेयर जितेका बालेन्द्र शाहले पनि शान्ति बाटिकाबाट प्रदर्शनकारी उठाउने नीति लिएका छन् । बालेनले मात्रै नभएर संघीय सरकारले समेत शान्तिपूर्ण प्रदर्शनमा हस्तक्षेपको नीति लिएको छ । अहिले शान्ति बाटिकामा प्रदर्शनकारी आइपुग्नुपर्ने कारण पनि संघीय सरकारकै कारण सिर्जना भएको थियो । गत ५ मंसिरदेखि संघीय सरकारकै निर्देशनमा स्थानीय प्रशासनले माइतीघरदेखि नयाँ बानेश्वरसम्मको क्षेत्रमा निषेधित क्षेत्र घोषणा गरेको छ । यसको एक महिनापछि संसद् भवन नयाँ बानेश्वरदेखि सिंहदरबारको पुरै परिसर, राष्ट्रपति र प्रधानमन्त्रीको निवास परिसरसम्म निषेधित क्षेत्र बिस्तार गरिउको छ ।

अर्थात् शान्तिपूर्ण प्रदर्शन हुँदै आएको क्षेत्र बिस्तार गरिदै लगिएपछि शान्ति बाटिकामा प्रदर्शनकारी पुगेका थिए । त्यहाँ प्रदर्शन गर्नेहरूको माग समान छैन । अनेक कारणले पीडित बनेकाहरूले न्यायको माग राखेर प्रदर्शन गरिरहेकाहरूलाई महानगरले उठाउन पुगेको छ । लोकतन्त्रका निमित्त यो राम्रो संकेत होइन । लोकतन्त्रमा सत्ताले सुन्ने ठाउँमा उभिएर प्रदर्शन गर्ने अधिकार नागरिकमा सुरक्षित हुन्छ । नागरिकको माग सम्बोधन गर्नु सत्ताको दायित्व हो । तर प्रदर्शनमै निषेध लगाउने र संविधानको प्रतिबन्धात्मक व्यवस्था बढाउँदै लगेर सत्ताले निरंकुश चरित्र प्रदर्शन गरेको छ । यस्तो प्रवृत्तिले विद्यमान प्रणाली जोगिन संभव छैन । तसर्थ सरकारले जनताको आवाज बन्द गर्ने नीति तत्काल संशोधन गरी लोकतन्त्रको प्रत्याभूति नागरिकमा गराउनुपर्छ ।

# उपेक्षामा इतिहास विषय

*स्नातक तहमा विद्यार्थीको अभाव झेलेको विश्वविद्यालयले स्नातकोत्तर तहमा मनग्य विद्यार्थी पाउने अवस्था नै रहेन । यसरी इतिहास अध्ययन गर्ने विद्यार्थीको चरम अभावका कारण इतिहास विषयका प्राध्यापकहरू फुर्सदिला बनेको देखिन्छ ।*

अग्रलेख



● राजकुमार दिक्पाल

अ साध्यै उपेक्षित विषय हुन पुगेको छ, यतिखेर इतिहास विषय । हुन त त्रिभुवन विश्वविद्यालयकै मानविकी तथा सामाजिकशास्त्र संकायको कतिपय विभागमा पढ्ने विद्यार्थीभन्दा पढाउने प्राध्यापकहरूको संख्या बढी छ । बढो मुस्किलले घस्रँदै यात्रा गरिरहेका त्रिविको केन्द्रीय विभागमध्ये इतिहास विभाग पनि एक हो ।

कुनै समय समय इतिहास एक लोकप्रिय विषय थियो । त्रिविले प्रमाणपत्र तह हटाएसँगै इतिहास पढ्ने विद्यार्थीहरूको संख्या पनि स्वात्तै घट्यो । दश जोड दुई (प्लस टू) पढाउने कलेजहरूको प्राथमिकतामा इतिहास विषय परेन । कलेजहरूकै उपेक्षाको शिकार भएपछि इतिहास विषय अध्ययनतिर विद्यार्थीहरूको रुची घट्नु स्वभाविक हो । स्नातक तहमा पुग्दा प्लस टूमा नपढेको विषयतिर विद्यार्थीको के ध्यान जान्थ्यो ? स्नातक तहमा विद्यार्थीको अभाव झेलेको विश्वविद्यालयले स्नातकोत्तर तहमा मनग्य विद्यार्थी पाउने अवस्था नै रहेन । यसरी इतिहास अध्ययन गर्ने विद्यार्थीको चरम अभावका कारण इतिहास विषयका प्राध्यापकहरू फुर्सदिला बनेको देखिन्छ ।



अभिभावक र विद्यार्थीको प्राथमिकता रोजगारीमुखी विषयतिर बढ्दै गएको छ । अझ प्लस टू सक्नासाथ विदेशमा कमाउँदै पढ्ने सपना देख्ने प्रवृत्ति केही वर्षयतादेखि ह्वात्तै बढेको छ । नेपालमै रहेर इतिहासजस्तो ज्ञानमुखी विषय अध्ययन गरेर देशमा प्राज्ञिक योगदान दिन सकिन्छ भन्ने सोचको अपेक्षा विद्यार्थीहरूबाट गर्नु मृग तृष्णाजस्तो हुन पुगेको छ ।

इतिहास पढेका अग्रजपुस्ताले इतिहास विषयलाई जुन ढंगले आकर्षक विषय बनाउन पर्ने हो, अपेक्षाकृत त्यसो सकेनन् । राज्यले इतिहास अनुसन्धानमा लगानी गर्न नसक्दा इतिहास विषयमा उच्च शिक्षा लिएका पुस्ताले पनि काम पाउन सकेनन् । इतिहास पढ्नेहरूको यस्तो अवस्था देख्ने नयाँ पुस्तालाई इतिहास विषयले कसरी आकर्षण गर्न सक्थ्यो ?

देशको राजनीतिक परिवेशले पनि अनेकौं मोड लियो । राणाकालको कुरा छाडौं, पञ्चायतकालभरी इतिहास विषयमा राजा महाराजाको महिमा मण्डनले प्राथमिकता पायो । अभिव्यक्ति स्वतन्त्रता कुण्ठित भएको त्यो समयमा राजा महाराजाका गल्ती कमी कमजोरी औंल्याउने र जनताको वास्तविक इतिहासलाई व्यवस्थित गर्ने कार्य निषेधित जस्तै थियो । महत्वपूर्ण ऐतिहासिक कागजपत्रहरू राजदरबारको नियन्त्रणमा थिए । त्यस्ता कागजपत्र अध्ययन गर्न राजदरबारको विशेष कृपाको आवश्यकता पर्थ्यो ।

प्रजातन्त्रकालमा पनि इतिहास विषयमा राजा महाराजाको महिमा मण्डनले नै प्राथमिकता पाइरहँदा खासगरी सरकारी कलेजहरूमा इतिहास विषय अध्ययन गर्ने विद्यार्थीको खासै अभाव थिएन । तर, मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा पुग्दासम्म विद्यार्थीमाझ इतिहास विषय पूरै अलोकप्रिय अवस्थामा पुग्यो ।

**इतिहास : भविष्यको आधार**

नेपाली युवा पुस्तामा विदेशी प्रभावको जरो दिनदिनै गहिराइमा पुगिरहेछ । खानपान, फेसन, गीत संगीत आदिमा मात्र होइन; चिन्तनमा समेत विदेशी प्रभाव पर्न थालेपछि युवा पुस्तामा देशभक्ति भाव क्रमशः कमजोर हुन थालेको अनुभव हामीले गरिरहेका छौं । युवा पुस्ताले पूर्वजको पौरखलाई एकादेशको कथाजस्तो सोच्न थालिसकेका छन् । भविष्यमा देश हाँक्ने पुस्तामा देशभक्ति भाव कमजोर हुँदै जानु राम्रो संकेत होइन ।

इतिहास विषयको अध्ययनबाट आफ्ना पूर्वजको गौरवबारे ज्ञानलाभ गर्न सकिन्छ । विगतको अवस्थाको अनुशीलनले वर्तमान अवस्थामा त्यसले पारेको प्रभावको ज्ञानलाभ गरी भविष्यमा अपनाउनु पर्ने सतर्कताबारे पनि सचेत गराउँछ । देश कसरी निर्माण भयो, विगतमा देश कस्तो थियो ? यस्ता विषयमा छलफल गर्न पनि इतिहास विषयले सहज बनाउँछ । समग्रमा इतिहास विषयले देशभक्ति भाव बढाउँछ ।

> *अब इतिहास विषय राजा महाराजाको महिमा मण्डन मात्रै होइन भन्ने धारणालाई व्यापक बनाउन अत्यावश्यक भएको छ । हिजोको जुन राजनीतिक व्यवस्था थियो र त्यसले इतिहास विषयलाई कतिसम्म समेट्ने भन्ने सीमा निर्धारण गरिदिएको थियो । अबको परिवेश त्यस्तो छैन ।*

इतिहास विषय केवल राजा महाराजाको महिमामण्डन होइन । विगतको कमजोरीहरू केलाउने र निफन्ने महत्वपूर्ण साधन पनि हो, इतिहास विषय । उदाहरणका लागि, आफ्नो स्वास्थ्य समस्या लिएर कुनै चिकित्सक कहाँ पुगेको एक बिरामीको विषयमा कुरा गरौं । उनलाई चिकित्सकले सम्बन्धित स्वास्थ्य समस्या पहिले पनि भएको थियो कि थिएन भनेर सोध्छ । यस्तो समस्या उनका बाबुआमा वा परिवारका कोही कसैलाई पनि भएको थियो भनेर पनि सोध्छ । पहिले सेवन गर्ने गरेको औषधिका बारेमा पनि सोध्छ । अर्थात ती बिरामीको इतिहास सोध्छ ।

अझ विगतमा स्वास्थ्य परीक्षण गराएको रिपोर्टहरू छन् भने त चिकित्सकलाई सम्बन्धित बिरामीको रोग निदान गरी उपचारको सिफारिस गर्न सजिलो हुन्छ । भन्नुको अर्थ, देशमा विगतमा भएका सबै समस्याको चित्रण इतिहास विषयमा आउँछ । ती समस्याका कारण वर्तमानले झेल्न परेको परिस्थितिबारे ज्ञान दिन्छ इतिहास विषयले । त्यहीँ ज्ञानको आधारमा हामीले देशको समस्याको अन्त्य गरेर उज्यालो भविष्य निर्माण गर्न सक्छौं ।

हामी नेपालमा बारम्बार आउने जाने भूकम्पलाई पनि उदाहरणका रुपमा लिन सक्छौं । भूकम्प किन आउँछ ? यस विषयमा भूगर्भशास्त्रीहरूले पत्ता लगाएकै छन् । तर भूकम्प कहिले आउँछ भन्ने विषयमा भूगर्भशास्त्रीहरूले आजसम्म पत्ता लगाउन सकेका छैनन् । यस विषयमा थाहा पाउने एउटै माध्यम हुन पुगेको छ इतिहास । हरेक ५० वर्षको अन्तरालमा नेपालमा ठूलो भूकम्प आउँछ भन्ने ऐतिहासिक अभिलेखअनुसार नै यसबारे सतर्कता अपनाउन विज्ञहरूले सुझाव दिँदै आएका छन् ।

हालै जाजरकोट र रुकुममा आएको विनाशकारी भूकम्पबारे विज्ञहरूले त्यहीँ इतिहासको आधारमा सचेत गराउँदै आएका थिए । पश्चिम नेपालका नागरिकहरूले विगत पाँच सय वर्षयतादेखि यस्तो विनाशकारी भूकम्पको अनुभव गर्न पाइरहेका थिएनन् । दार्शनिक भोल्तेयर इतिहास विषयमा भन्छन्,“विगतका तथ्यहरूलाई संकलन गरेर रोचक पाराले प्रस्तुत गर्नु मात्रै इतिहास होइन, इतिहास त भविष्य हेर्ने आँखा हो ।”

**इतिहास र पर्यटन**

सुन्दर हिमश्रृंखला मुस्कुराउने देश हो नेपाल । विविधतायुक्त सुन्दर देश भएकै कारण नेपाललाई पूर्वको स्वीट्जरल्याण्ड पनि भनिन्छ । पर्यटकहरू भौगोलिक र प्राकृतिक सुन्दरताको रसस्वादन गर्न त आउँछन् नै, स्थानीय जनजीवन, संस्कृति र पुरातत्वको ज्ञानको भोक पनि उनीहरूमा हुने गर्छ । पर्यटकहरूलाई स्थानीय जनजीवन, संस्कृति र पुरातत्वको ऐतिहासिक ज्ञानले परिपूर्ण बनाउनका लागि पनि इतिहास अध्ययन गर्नैपर्छ । इतिहास जति प्राचीन हुन्छ, पर्यटकहरूलाई त्यसले थप आकर्षित बनाउँछ ।

नेपालमा अनेकौं ऐतिहासिक र पुरातात्विक सम्पदाहरू छन् । यी सम्पदाहरू नेपाली सभ्यता विकासको पारिचयक हुन् । यी सम्पदाहरूको ऐतिहासिक विकासक्रमबारे प्रकाश पारेर पर्यटकहरूलाई सन्तुष्ट पार्नका लागि सम्बन्धित विषयको इतिहासबारे ज्ञान हुनैपर्छ । यस्ता सम्पदाहरूको इतिहास अध्ययन गरी यसको प्रकाशन र प्रचारले पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । नेपालको इतिहास अध्ययन गर्न विगतमा प्रशस्तै विदेशी विद्वानहरू नेपाल आएर नेपालको इतिहास लेख्न भ्याए । नेपालमा लेख्न बाँकी इतिहासप्रति आकर्षण बढाएर प्राज्ञिक पर्यटन प्रवर्द्धनमा पनि इतिहास विषयले महत्वपूर्ण भूमिका निभाउन सक्छ ।

**अन्त्यमा,**

अब इतिहास विषय राजा महाराजाको महिमा मण्डन मात्रै होइन भन्ने धारणालाई व्यापक बनाउन अत्यावश्यक भएको छ । हिजोको जुन राजनीतिक व्यवस्था थियो र त्यसले इतिहास विषयलाई कतिसम्म समेट्ने भन्ने सीमा निर्धारण गरिदिएको थियो । अबको परिवेश त्यस्तो छैन । इति-ह-आस शब्दको सश्लेषणबाट इतिहास शब्द बनेको छ । इति भनेको ‘यस्तो’ ह भनेको ‘पक्का’ र आस भनेको ‘थियो’ भन्ने अर्थ लाग्छ ।

हिजो राजा महाराजाको जुन प्रकारले महिमा मण्डन गर्दै इतिहास शब्दकै मर्मलाई बिर्सेर लेख्नुपर्ने बाध्यता थियो, अब त्यो परिस्थिति पनि छैन । जे सत्य हो, जतिसुकै तीतो भए पनि त्यो लेख्ने हो । आशा गर्न सकिन्छ । इतिहास विषयले पुनर्जीवन पाउने पक्का छ ।

## सामाजिक सञ्जाल



- मुमाराम खनाल

